# ज्यामीबाट सुरु भएको जीवन

*अष्टमान महर्जन*
वर्ष ८३

अहिलेका मान्छे प्रजातन्त्र यस्तो भयो, महङ्गी बढ्यो भन्छन्, कराउँछन् तर मलाई त यो काठमाडौँ शहर स्वर्गजस्तै लाग्छ। हाम्रो पालामा त कुकुरले गू पनि खान पाउँदैनथ्यो किनकि त्यति बेला ठूला मान्छेले पक्की चर्पी बनाइदिएका थिए। दिसा गरेको जति सबै च्यामिनीहरूले लगेर मल बनाउँथे। अहिले त काठमाडौँका कुकुरले होटलले फालेको मासु पनि मन परेमात्र खान्छ जस्तो लाग्छ। अहिले खराबी भनेको यता पनि मार्‍यो भन्छ उता पनि मार्‍यो भन्छ।

मैले मेरो जीवन ज्यामीबाट सुरु गरेको हुँ। त्यति बेला नौ वर्षको थिएँ। उमेर कम भएकाले ज्याला चौध पैसामात्र आउँथ्यो, त्यसमा एक पैसा नाइकेले लान्थ्यो। काम भने डकर्मीलाई इँटा, बज्रकर्मीलाई सानो भाँडोमा बज्र राखेर दिने। तीन-चार माना अटाउने गोल्फुमा पानी दिने गर्नुपर्थ्यो। तेह्र पैसा कमाउन दुई माना चिउरा बोकेर जान्थ्यौँ हामी। सितनसातन केही हुन्थेन। कहिलेकाहीँ मकै भुटेर त कहिलेकाहीँ रोटी पनि लान्थेँ। एक वर्ष धर्मशमशेरको दरबारमा काम गरेर रुद्रशमशेर कहाँ र त्यसपछि राजदरबारमा गएँ। त्यहाँ भने नाइके हुन्थेन, त्यसैले चौध पैसा नै कमाउन थालेँ। पछि ज्याला बीस पैसासम्म भयो, ठूलाको भने दैनिक ज्याला चौबीस पैसा थियो। त्यहाँको काम पनि छाडेँ। बाआमासँग सल्लाह गरेर आफ्नै खेतमा काम गर्न थालेँ। त्यो पनि नब्बे सालमा भू-कम्प गएपछि मात्र अनि घर बनाउनेले ज्याला पाउने भयो। त्यसपछि पचन्नी भन्ने नयाँ पैसा तीनवटा दिन्थे। त्यही पैसा ल्याएर आमालाई जम्मा गर्न दिन्थेँ। बाइस वर्षको उमेरमा 'कोत खे' भन्ने ज्यापूहरूको एकातिरमात्र बजाउने बाजा बजाएर, डोलीमा राखेर, रातभरि देउताको गीत गाएर बिहे गरेँ।



त्यसपछि राजदरबारको घरकाजमा बज्रकर्मीका रूपमा भर्ना भएँ। त्यसपछि जाडोमा राजा त्रिभुवन राज हुने नागार्जुनको लालबङ्गलामा काम गर्न थालेँ। त्यहाँ टायलमात्र छापेको बाथरुम बनाएँ। त्यसमा पाइपसाइप केही थिएन, तर त्यहाँ छापेको टायल भने बम्बईबाट झिकाइएको थियो। चार-पाँच सालतिर कान्छा सरकार बसुन्धराकहाँ काम गरेँ। मेरो ज्याला त्रिया नब्बे-चौरा नब्बे सालमा पचहत्तर पैसा भइसकेको थियो तर दरबारबाहिर काम गर्दा भने छपन्न पैसा मात्र पाइन्थ्यो। कान्छा सरकारकहाँ क्याटलक हेरेर त्यसैअनुसार पनि काम गरेँ।

हामी ज्यामी हुँदा धरहरामा एकचोटि सफेदा लगाउन पाए के के न हुन्थ्यो भनेर गफ गर्थ्यौँ। एकपटक त्यो काम पनि गरियो। धरहरामा अटाली बनायौँ। चारतिरका झ्यालबाट दलिन निकालेर फलामको पाता कसेर अटाली बनाउँदै सफेदा लगायौँ। आखिर २०१३ सालमा ठेकेदार भएँ।

पछि 'महर्जन मेटल इन्डस्ट्री' खोलियो। सुरुमा मैले ज्यासल बनाएँ, अहिले कान्छो नातिले हेर्छ सबै।

*(२०५६।२।३१ मा गरिएको अन्तर्वार्तामा आधारित)*

अष्टमान महर्जन

# ज्यामीबाट सुरु भएको जीवन

| | |
|---|---|
| ज्यामी | day-labourer |
| सुरु | beginning |
| जीवन | life |
| प्रजातन्त्र | democracy |
| महङ्गी | costs |
| कराउनु | to shout |
| स्वर्ग | heaven |
| गू | human excrement |
| पक्की | building with a tiled roof |
| चर्पी | lavatory |
| दिसा | human excrement |
| च्यामिनी | female member of latrine-cleaning caste |
| मल | manure |
| फाल्नु | to throw out |
| खराबी | badness |

| | |
|---|---|
| ज्याला | wage |
| नाइके | headman, leader |
| लानु | to take away |
| डकर्मी | mason |
| इँटा | brick |
| बज्रकर्मी | cementers |
| भाँडो | vessel |
| बज्र | cement |
| माना | one mana |
| अटाउनु | to hold |
| गोल्फु | earthenware waterpot |
| कमाउनु | to earn |
| चिउरा | parched flatened rice |
| सितनसातन | sauce etc. |
| मकै | corn |
| भुट्नु | to fry, parch |
| रोटी | bread |
| धर्मशमशेर | Dharma Shamsher Rana |
| दरबार | palace |
| रुद्रशमसेर | Rudra Shamsher Rana |
| राजदरबार | the king's palace |
| दैनिक | daily |
| सल्लाह गर्नु | to consult |

| | |
|---|---|
| भू-कम्प | earthquake |
| पचन्नी | five anna coin |
| जम्मा गर्नु | to collect |
| कोत खें | a Newar caste title? |
| ज्यापू | Newar farming caste |
| एकातिर | to one side |
| बजाउनु | to play (musical instrument) |
| बाजा | musical instrument (blown) |
| डोली | sedan chair |
| देंउता | deity |
| गीत | song |
| बिहे गर्नु | to marry |

| | |
|---|---|
| घरकाज | housework |
| भर्ना हुनु | to enlist |
| राज हुनु | to reign |
| नागार्जुन | Nagarjun (hill near Kathmandu) |
| लालबङ्गला | Red Bungalow |
| टायल | tile |
| छोप्नु | to cover |
| पाइपसाइप | pipes etc. |
| झिकाइनु | to be taken out |
| कान्छा सरकार बसुन्धरा | Prince Basundhara |
| क्याटलक | catalogue? |
| त्यसैअनुसार | according to that |

| | |
|---|---|
| धरहरा | the Dharhara tower |
| सफेदा | whitewash |
| अटाली | balcony |
| चारतिर | all around |
| दलिन | beam, rafter |
| फलाम | iron |
| पाता | sheet, leaf |
| कस्नु | to tighten |
| ठेकेदार | contractor |
| ज्यासल | workshop |